का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १७, अंक ३०७
१३ माघ २०७६, सोमबार
27 January 2020, Monday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



# निर्विरोध सभामुख

- २०७६: सभामुख
- २०७५: केन्द्रीय सदस्य, नेकपा
- २०७४: सांसद
- २०७२: वनमन्त्री
- २०७०: सभासद
- २०६८: सञ्चारमन्त्री
- २०६४: सभासद
- २०५१: भूमिगत राजनीति
- २०५१: केन्द्रीय सदस्य, माओवादी
- २०४८: सांसदको उम्मेद्वार
- २०३२: शिक्षक
- २०३०: विद्यार्थी राजनीति
- २०१४: जन्म

समाचार पृष्ठ २ मा

## मन्त्रिपरिषद् हेरफेर हुँदै !

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद् पुर्नगठनको तयारी थालेका छन् । राष्ट्रियसभा र सभामुखको निर्वाचन समाप्त भएसँगै प्रधानमन्त्री ओलीले मन्त्रीमण्डल पुन: हेरफेर गर्न लागेका हुन् । राष्ट्रियसभा निर्वाचनमा निर्वाचित कतिपय सदस्यहरुमा मन्त्री बन्ने आकांक्षा बढेपछि र उपसभामुखबाट राजीनामा दिन बाध्य भएकी शिवमाया तुम्बाहाङ्फेलाई समेत नेतृत्वका लागि उपयुक्त स्थान दिने पूर्वप्रतिवद्धता कार्यान्वयका लागि ओलीले पुन: मन्त्रिमण्डल हेरफेर गर्ने तयारी गरेको नेकपा स्रोतले जनाएको छ । संविधान संशोधन गर्ने पूर्व सहमति सरकारले कार्यान्वयन नगरेको भन्दै सत्ता साझेदार समाजवादी पार्टी गत पुस ८ गते सरकारबाट बाहिरिएको थियो ।



समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले सम्हाल्दै आएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभारको जिम्मेवारी २० दिनपछि पुस २८ गते स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाललाई दिइएको छ । यही पार्टीका नेता मोहम्मद इस्तियाक राईले नेतृत्व गर्दै आएको सहरी विकास मन्त्रालयको कार्यभार सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचनाप्रविधि मन्त्री गोकुल बास्कोटाले पाएका छन् । हालै प्रदेश दुईमा राष्ट्रियसभाको निर्वाचनका क्रममा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी बाँकी पृष्ठ २ मा

## छुटे मनाङे, गुरुङ हिरासतमै

**मध्यान्ह संवाददाता**
पोखरा, १२ माघ

नेपाल फुटबल संघ (एन्फा) का कास्की जिल्ला अध्यक्षमाथि कुटपिटको अभियोगमा पक्राउ परेका नेकपा गण्डकी प्रदेशसभा सदस्य राजीव गुरुङ (दीपक मनाङे) रिहा भएका छन् । विहीबार पक्राउ परेका मनाङेलाई शुक्रबार अनुसन्धानको लागि दुई दिन म्याद थप गरिएको थियो । ६ हजार रुपैयाँ धरौटीमा छाड्ने आदेश जिल्ला प्रशासन कार्यालयले दिएको हो । सदस्य गुरुङलाई दुई दिन हिरासतमा राखि अनुसन्धानपछि छोडिएको जिल्ला



प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक राजकुमार केसीले जानकारी दिए ।

पोखरामा मंगलबारदेखि सुरु भएको 'मुख्यमन्त्री कप' फुटबलमा विशेष अतिथिको रुपमा बोलाइएका मनाङेले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) कास्की अध्यक्ष मिलन गुरुङलाईलाई झापड हानेका थिए । गुरुङले मनाङेविरुद्ध कुटपिट गरेको भन्दै मनाङेविरुद्ध कास्की प्रहरीमा उजुरी दर्ता गरेका थिए । गुण्डा नाइके हुँदै सांसद बनेका मनाङे यस बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्रीको विशेष निर्देशन
## थप दुई नेपालीमा कोरोना !

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ माघ

चीनबाट फर्किएका थप दुई नेपालीलाई कोरोना भाइरसको आशंका गरिएको छ । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उनीहरुलाई भर्ना गरिएको छ । अस्पताल स्रोतका अनुसार ग्रान्डी अस्पतालबाट शुक्रबार (माघ १०) रिफर भएर आएका २८ वर्षीय पुरुष र शनिवार चीनको कार्यक्रममा सहभागी भएर आएकी ४८ वर्षीया महिला अस्पतालको 'आइसोलेसन वार्ड'मा भर्ना गरेर छ । उनीहरु दुबै जनामा कोरोना भाइरसका लक्षण ज्वरो आउने, रुघाखोकी र श्वासप्रश्वासमा समस्या देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठले दुवैजना चीनबाट आएका कारण कोरोनाको भाइरसको भएको हुनसक्ने आशंकामा राखिएको बताए ।

प्रवक्ता श्रेष्ठले दुवैजनाको स्वास्थ्य अवस्था सामान्य छ । सबै परीक्षण नेपालमै भएको छ । उनीहरुमा केही नदेखिएको दाबी प्रवक्ता श्रेष्ठले गरे । तर, दुवैजनाको स्वास्थ्य परीक्षण गर्दा कोइराना भाइरसको संक्रमण नदेखिएको भए पनि थप परीक्षणका लागि न्यालको नमुना हङकङ पठाइएको छ ।

यात्रुहरुको जाँचका लागि मन्त्रालयले विमानस्थलमा 'थर्मल स्क्यानर बाँकी पृष्ठ २ मा

## लोकतान्त्रिक फोरममा अध्यक्षका पाँच आकांक्षी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ माघ

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको नयाँ नेतृत्वका आकांक्षीहरु सकृय भएका छन् । आगामी माघ २४ गते नयाँ नेतृत्वका लागि सहमति नभए निर्वाचन गर्ने योजना सहित फोरमले साधारणसभा आव्हान गरिसकेको छ । निर्वाचनको मिति नजिकिदै जाँदा फोरममा नेतृत्वका आकांक्षीहरु सक्रृय भएका हुन् ।

फोरमको विधान अनुसार अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष सहित ७ पदाधिकारी र १४ जना कार्यकारी सदस्यहरु सहित २१ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ । तर कार्यसमितिका ७ पदाधिकारी र दश सदस्य सहित १७ जनाको मात्र निर्वाचन हुन्छ । वाँकी ४ जना कार्यसमिति सदस्य निर्वाचित अध्यक्षले मनोनयन गर्ने व्यवस्था रहेको छ । फोरमको निर्वाचित कार्यसमितिको कार्यकाल दुई वर्षको हुने छ ।

आइतवारसम्म फोरमका पूर्व वरिष्ठ उपाध्यक्ष नरेन्द्र ढकाल, नेपाल वैदेशिक रोजगार संघका पूर्व द्वितीय उपाध्यक्ष भुवनसिहं गुरुङ, फोरमका पूर्व उपाध्यक्ष ऋषी शर्मा, सल्लाहकार सिता देवाकोटा र वर्तमान महासचिव तारानाथ अर्याल अध्यक्षका आकांक्षी देखिएका छन् । महासचिवमा भवानी निरौला र कृष्ण कुमार



जैसीले प्रचारलाई तीव्र पारेका छन् ।

अध्यक्षका आकांक्षी मध्ये ढकालले आफू निरन्तर रुपमा फोरममा क्रियाशिल रहेको र गत साधारणसभामा पनि अध्यक्षको उम्मेदवार रहेकाले आफ्नो नाममा सर्व सम्मति हुनु पर्ने धारणा राख्दै आएका छन् ।

अध्यक्षकी आकांक्षी देवकोटाले फोरम स्थापना भएदेखि हालसम्म महिला व्यवसायी अध्यक्ष नभएकोले यस पटक महिलाले पालो पाउनु पर्ने भनाई राखेकी छन् । अर्का आकांक्षी गुरुङले आफूले निरन्तर रुपमा संघमा भूमिका खेलेको र गत असोजमा भएको निर्वाचनमा आफू अध्यक्षको उमेदवार भई निर्वाचित हुने वलियो आधार भए पनि प्यानलको जितका लागि त्याग गरेको र त्यतिबेला आफूलाई नेतृत्व पंक्तिबाट सर्वसम्मत रुपमा फोरमको अध्यक्ष बनाउने आश्वासन दिएका कारण त्यसको पालना हुनुपर्ने जिकिर गरिरहेको बताईएको छ ।

पूर्व उपाध्यक्ष शर्माले आफूले सबैलाई समेटेर फोरमलाई पूर्ण प्रजातान्त्रिक मान्यताका आधारमा अघि बढाउन सक्ने र अनुभवी भएका कारण आफ्ना पक्षमा सहमति हुनुपर्ने अडान राखेका छन् ।

फोरमका वर्तमान महासचिव अर्यालले फोरममा समन्वयकारी भूमिका खेल्न आफू सक्षम रहेको भन्दै अध्यक्षमा दावी गरेका छन् ।

फोरमका पूर्व अध्यक्षहरुले सहमतिका लागि जोड दिए पनि उनीहरुले आफ्ना पक्षमा सहमति नभए निर्वाचनमा जान तयार रहेको भन्दै पछि नहट्ने अडान राखेको श्रोतले बतायो । त्यसैगरी महासचिवका आकांक्षी बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## विभाग र सनलाइफबीच सम्झौता

**काठमाडौं, मस**-वैदेशिक रोजगारमा जाने श्रमिकहरूको म्यादी जीवन बीमा अनलाइनबाटै भुक्तानी गर्न वैदेशिक रोजगार विभाग र सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबीच सम्झौता भएको छ । हाल चारवटा विमा कम्पनीले बैदेशिक रोजगारमा जाने कामदारहरुको म्यादी विमा गर्ने भए पनि विभागसंग आइतबार संझौता गर्ने पहिलो कम्पनी सन नेपाल लाइफ इन्स्योरेन्स हो ।

सम्झौता अनुसार वैदेशिक रोजगार म्यादी बीमा विद्युतीय माध्यमबाट जारी गर्ने तथा वीमा नवीकरण गराउनुका साथै त्यसको भुक्तानीको व्यवस्था मिलाइने छ भने त्यसरी जारी भएको बीमाको जानकारी सोझै वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा आउने छ ।

त्यसैगरी कम्पनीको जुनसुकै शाखाले बीमा पोलिसी जारी गर्न सक्नेछ । त्यसले श्रम तथा रोजगार कार्यालयको वरिपरी बाँकी पृष्ठ २ मा






# डेरी उद्योगमा युवाको लगानी बढ्दै

**मङ्गलबारे/रासस-** इलाम नगरपालिका-८ का मिलन खत्रीले २०७४ सालमा सेतो पहाड नामक डेरी उद्योग स्थापना गरे । विद्यार्थी राजनीतिमा सक्रिय खत्रीले शुरुमा रु एक लाख ५० हजारको लागतमा स्थापना गर्नुभएको उद्योगमा हाल रु एक करोड ३० लाख लगानी भइसकेको छ ।



स्थापनाका समयमा करिब १०० लिटरसम्म दूध प्रशोधन गर्न थालेका खत्रीले हाल दैनिक एक हजार ६०० लिटर दूध सङ्कलन र प्रशोधन गरिरहनुभएको छ । "दूध थपिएसँगै लगानीसमेत बढेको छ", उनले भने । खत्री हाल जिल्लामा नै क्रियाशिल युवा व्यापारीमा गनिन थालिनुभएको छ । युवा अवस्थामा नै उनले राम्रो मेहनतसँगै प्रतिफलसमेत हात पारेका छन् ।

मासिक दुई हजार किलो माथि छुर्पी र एक हजार ८०० किलो घ्यू उत्पादन हुनेगरेको उनले बताए । त्यस्तै बम्मैसन, ललिपपलगायतका परिकारसमेत उत्पादन हुने उनले बताए । व्यवसायी खत्रीले अन्य साना ३० भन्दा बढी डेरी उद्योगबाट उत्पादित घ्यू र छुर्पी खरिद गर्ने गरेका छन्। खत्रीले आफ्नो उद्योगमा प्रत्यक्षरूपमा २१ जनालाई रोगजारीसमेत दिलाउनुभएको छ । भने अप्रतक्षरूपमा १४० जनाले रोजगारी पाएका छन् ।

इलाम दुध उत्पादनमा अग्रणी जिल्लाका रूपमा परिचित छ । यहाँ धेरै डेरी उद्योगसमेत सञ्चालनमा छन् । उमेरले कलिलै भए पनि यहाँ प्रायजसो युवाको आकर्षण बढ्दै गएको छ । सानो लगानीमा स्वरोजगार हुने माध्यम बनेपछि डेरी उद्योगमा वर्षेनी युवाको लगानी थपिँदै गएको हो । देउमाई नगरपालिका-४ का अशेष बुढाथोकीले विदेशबाट फर्किएर डेरी उद्योग स्थापना गरेका छन्। तल्लो बुधवारेमा उनले गजुरमुखी दर्शन डेरी उद्योग सञ्चालन गरेका छन् ।

विसं. २०७४ मा स्थापना गरिएको डेरीमा शुरुमा रु ३० लाख लगानी भएको उनले बताए । बुढाथोकीको उद्योगमा हाल रु ६० लाख माथि लगानी भइसकेको छ । उनले करिव २५० किसानले उत्पादन गरेको दूध सङ्कलन गरिनुभएको छ। दैनिक करिव ७०० लिटर बढी दूध सङ्कलन भइरहेको उनले बताए । 'कहिले धेरै कहिले थोरै यस्तै हो दूध सङ्कलन ।' उनले भने, "किसानका गाईभैँसी लैनो हुँदा धेरै र बमेर्नो भएपनि कम दूध सङ्कलन हुने उनले बताए ।" त्यसबाट मासिक एक हजार ५०० किलो छुर्पी र सोही हाराहारीमा घ्यू उत्पादन हुने गरेको उनले बताए ।

सो उद्योगमा उत्पादन गरेको छुर्पी अमेरिका निर्यात हुन्छ भने घ्यू नेपाली बजारमा नै बिक्री हुँदै आएको छ । उहाँको डेरी उद्योगमा १५ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् । हाल इलाममा ५५० डेरी उद्योग सञ्चालनमा रहेका घरेलु तथा साना उद्योग शाखा कार्यालयले जनाएको छ । बिशेष गरेर वैदेशिक रोजगारीबाट फर्किएका युवाले व्यवसाय गर्न थालेकाले इलाममा डेरी उद्योगमा लगानी बढेको बताइएको छ । समग्र जिल्लामा दर्ता भएका डेरी उद्योग युवाकै नाममा दर्ता भएका पाइएका छन् ।

आर्थिक वर्ष २०७५/७६ मा ९१ डेरी उद्योग दर्ता भएका थिए । ती उद्योगमा रु ११ करोड २७ लाख १६ हजार लगानी भएको घरेलु तथा साना उद्योग कार्यालयका सूचना अधिकारी युवराज घोर्साइँले बताए । एउटा डेरी उद्योगमा रु एक लाख ५० हजारदेखि रु एक करोड ५० लाखसम्म लगानी हुने गरेको छ । सबैभन्दा बढी देउमाई नगरपालिकामा १०४ डेरी उद्योग सञ्चालनमा छन् ।

# बल्ने ढुंगाको नाममा ठगी



**काठमाडौं/मस-** विभिन्न अलौकिक वस्तुहरुको प्रलोभन देखाएर लुटपाट तथा डकैतीमा संलग्न ६ जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ । काठमाडौं उपत्यका भित्र अलौकिक चिजवस्तुहरु बल्ने ढुंगा, बनझाँक्रिको हड्डी, गौलोचन, एकमुखे रुद्राक्ष, दाहिने शंख, नक्कली सुनर र डलर लगायतका चिजवस्तुहरु आफुसँग रहेको भन्दै खरिदका लागि एकान्तमा बोलाइ लुटपाटमा संलग्न ६ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा दाङको पुरन्धारा ९ का स्थानीय बेद बहादुर भनिने भिमबहादुर घर्तीमगर, नुवाकोटको दुप्चेश्वर ७ का नकुर तामाङ र रसुवाको आमाछोदिङ ५ का दावा छिरिङ तामाङ रहेका छन् । त्यसैगरी रामेछापको मन्थली ९ का कुमारबहादुर बुढाथोकी, रसुवाको उत्तरगयाका २ का तेन्जिङ बहादुर तामाङ र सोही ठाउँका संजित वाईवालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । महानगरिय अपराध महाशाखाका प्रहरी उपरीक्षक (एसपी) मुकेशकुमार सिंहका अनुसार उनीहरुले पीडितलाई धारिलो हतियार खुकुरी देखाएर आँखामा खुर्सानीको धुलो छर्की लुटपाट गर्ने गरेका थिए ।

सिन्धुपाल्चोक मेलम्ची घर भई हाल काठमाडौं वडा नम्बर १५ भगवानगाउँ बस्ने बच्चुराम गुरुङलाई बेदबहादुर भन्ने भिमबहादुर घर्तीमगरले बल्ने ढुंगा छ भनि ५० लाख लुटेका थिए । लुटपाटपछि प्रहरीले घर्तीमगरसँगै उनको समूहमा रहेका अन्यको खोजी सुरु गरेको थियो । उनीहरुको साथबाट डकैती गरेको रकम मध्ये १८ लाख ७५ हजार ५ सय रुपैयाँ, डाँका गरी पाएको पैसाबाट किनेको १ थान मोटरसाइकल, घटनामा संलग्न भएको ३ थान मोटरसाइकल्क विभिन्न कम्पनीका मोबाइल र एक थान सुनको औठी बरामद गरिएको प्रहरीले जनाएको छ ।

# ज्येष्ठ नागरिकमन्त्री गुरुङको प्रतिबद्धता

**काठमाडौं/मस-** महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले महिलालाई आर्थिक-सामाजिकरुपमा सवल पु¥याउन सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता गरेका छन् । नेपाल युवा उद्यमी मञ्चले आइतबार राजधानीमा गरेको युवा उद्यमी भेलाको उद्घाटन गर्दै उनले महिला सशक्तीकरणलाई केन्द्रमा राखेर सरकारले काम गरिरहेको बताए । स्रोत र साधनमा महिलाको पहुँच बढाउने, निर्णायक स्थानमा उनीहरुलाई पु¥याउने तथा '



नारी-पुरुष बराबरी' को मान्यतालाई व्यवहारमा रुपान्तरण गर्न वर्तमान सरकार क्रियाशील रहेको बताउँदै उनले उद्यमी महिलालाई सक्दो सहयोग गर्न आफू दृढ रहेको दोहो¥याए । मञ्चका अध्यक्ष निकोलस पाण्डे र उपाध्यक्ष उपाशना श्रेष्ठले विगत १६ वर्षदेखि मञ्चले महिला उद्यमशीलता विकासका खातिर हरेक वर्ष उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए । देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर बनाउन मञ्चले नयाँ सोचका साथ व्यापार व्यवसायका योजना प्रस्तुत गर्ने युवा उद्यमीलाई सहायता गर्दै आएको बताए ।

# प्याराग्लाइडिङको परीक्षण उडान सफल

**कृष्ण दवाडी/रासस-** माछापुच्छ्रे गाउँपालिका-४ लाहाचोकको अर्मलाडाँडाबाट प्याराग्लाइडिङको सफल परीक्षण उडानसँगै यस ठाउँ आगामी दिनमा प्याराग्लाइडिङको गन्तव्यका रुपमा विकास हुने देखिएको छ ।

पोखरामा निर्माणाधीन अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल सम्पन्न भएसँगै हाल व्यावसायिक रुपमा सराङकोट हुँदै आएको प्याराग्लाइडिङ नहुने निश्चित प्रायः भएकाले अर्मलालाई सराङकोटको उपयुक्त विकल्पका रुपमा समेत हेरिएको छ । पोखरादेखि २० किलोमिटरको दूरीमा दुई हजार ४ सय मिटर उचाइमा अवस्थित अर्मलाबाट परीक्षण उडान सफल भएसँगै यसलाई व्यावसायिक गन्तव्यका रुपमा विकास गर्न गाउँपालिका तथा स्थानीयवासीले पहल थालेका छन् ।

लाहाचोकमा हालै सम्पन्न भएको गण्डकी प्रदेशस्तरीय फुटबल प्रतियोगिताको उद्घाटनसमेत प्याराग्लाइडिङबाट बल खसालेर गरिएको थियो । अर्मलाबाट उडेका प्याराग्लाइडिङले मैदानमा बल खसालेर अवतरण गरेको थियो । विगतमा समेत सराङकोटबाट उडेका ग्लाइडर अर्मलामा अवतरण गरेर पुनः हावा भरेर उड्ने गर्दथे तर अहिले अर्मलाडाँडाबाट उडान भरेर तल बस्तीमा अवतरण सफल भएसँगै यस ठाउँको प्रवर्द्धनमार्फत प्याराग्लाइडिङको गन्तव्य बनाउने योजना अघि सारिएको छ ।

अर्मलासम्म पुग्न गाउँपालिकाले छ महिनाअघि सडक निर्माण गरेको थियो । बस्तीबाट तीन किमी उकालो चढेर पुगिने सो स्थानमा सडक सुविधा पुगेकाले यसलाई गन्तव्य बनाउन थप सहज हुने विश्वास गरिएको छ । गाउँपालिकाले अर्मलालाई पर्यटनको गन्तव्य बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरण, संघ तथा प्रदेश सरकारसँग समेत अनुरोध गरेको छ। पोखरा नजीकै अवस्थित सो क्षेत्रमा व्यावसायिक उडानको अनुमतिसँगै पर्यटन आवागमनमा वृद्धि हुने र सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्षलाई सफल बनाउनसमेत सघाउने विश्वास लिइएको छ ।

विमानस्थल बनेपछि स्वदेशी तथा विदेशी पर्यटकको प्रमुख रोजाइ रहेको प्याराग्लाइडिङलाई निरन्तरता दिनसमेत अर्मलाको विकल्प नरहेको भनाइ गाउँपालिकाको छ । अर्मलाबाट उडान भर्नुभएका प्याराग्लाइडिङ पाइलट विजय गौतमले यहाँबाट सराङकोटभन्दा पनि तुलनात्मक रुपमा सहज र अनुकूल रहेको बताए । हावाको चापसमेत अनुकूल रहेको बताउँदै हिमशृंखला, वनजंगल तथा सुन्दर गाउँ र पोखरा शहरको दृश्यावलोकन गर्न सकिने भएकाले यसको भविष्य सुन्दर रहेको उनले उल्लेख गरे ।

'प्याराग्लाइडिङ उडानका लागि जति हुनुपर्ने हो सबै हिसाबले उपयुक्त छ, यहाँ हावाको चाप राम्रो छ, केही स्लोप मिलाउन बाँकी छ, त्यसपछि यहाँ उडान अवतरण सबै हिसाबले उपयुक्त छ', गौतमले भने । गाउँपालिका उपाध्यक्ष कृष्णकुमारी दवाडीले अर्मलाडाँडालाई प्याराग्लाइडिङकै रुपमा विकास गर्ने उद्देश्यले सडक सुविधा पु¥याइएको जानकारी दिए । वडाको बजेट १० लाख तथा स्थानीयवासीको १५ लाख गरी २५ लाख लागतमा गाउँदेखि डाँडासम्म सडकको ट्र्याक खोलिएको उनको भनाइ छ ।

पोखरा-बाग्लुङ राजमार्गको मिलनचोकदेखि गाउँपालिकासम्मको सडक स्तरोन्नति गरी कालोपत्र शुरु भएकाले समेत स्वदेशी तथा विदेशी पर्यटकहरुका लागि सहज हुने उनी बताउँछन् ।

'गाउँपालिकाको कोलेली र अर्मलामा प्याराग्लाइडिङको असाध्यै धेरै सम्भावना छ, प्याराग्लाइडिङसँगसँगै अर्मलामा रहेको प्रसिद्ध देउराली मन्दिरको प्रवर्द्धन तथा प्रचारप्रसार गरी धार्मिक पर्यटकसमेत भित्र्याउने योजना छ', दवाडीले भने । अर्मलामा व्यावसायिक प्याराग्लाइडिङ सम्भव छ भन्ने प्रचारका लागि सयौंको उपस्थितिमा प्रदेशस्तरीय फुटबलका अवसरमा प्याराग्लाइडिङबाट बल खसाल्दै मैदानमा अवतरण गराइएको सोही वडाका वडाध्यक्ष पूर्णबहादुर शाहीले बताए ।

### निर्विरोध...

सत्तारुढ दल नेकपाका सांसद तथा स्थायी समिति सदस्य अग्निप्रसाद सापकोटा प्रतिनिधिसभाको आठौं सभामुखको रुपमा निर्वाचित भएका छन् । यौनकाण्डमा मुछिएका कृष्णबहादुर महराले राजीनामा दिएपछि सभामुखको उम्मेदवार कसलाई बनाउने भनेर नेकपाभित्र निकै माथापच्ची चल्यो । प्रवल दाबेदारहरु सुवास नेम्वाङ, देव गुरुङ र शिवमाया तुम्बाहाङ्फेलाई पाखा लगाउँदै सापकोटाले सभामुख भएका हुन् ।

द्वन्द्वकालीन मुद्दामा मुछिएका सापकोटा निकै सकसका बीच सभामुख बनेका हुन्। सापकोटाविरुद्ध सर्वोच्च अदालतमा मुद्दा विचाराधिन छ भने विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघसंस्थाले पनि सापकोटाको विरुद्धमा आवाज उठाइरहेका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पनि यसबारे प्रश्न उठाएको छ । माओवादी द्वन्द्वकालमा व्यक्ति हत्या गरेको आरोप सापकोटामाथि छ । उनको दल नेकपा अहिले झण्डै दुईतिहाइ बहुमतका साथ प्रतिनिधिसभामा छ । राजपाले पनि समर्थन गरेपछि सापकोटाको पक्षमा दुईतिहाइ मत भएको थियो । जसकारण अरु दलले सभामुखमा उम्मेदवारी नै दिएनन् ।

नवनिर्वाचित सभामुख सापकोटा प्रतिनिधिसभाको आठौं सभामुख हुन् । प्रतिनिधिसभाको पहिलो सभामुख नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराई भएका थिए । उनी गोर्खाबाट चुनाव हारे पनि सर्वसम्मत रुपमा सभामुख चयन भएका थिए । त्यसबेलाको संविधानमा निर्वाचित व्यक्ति नै सभामुख हुनुपर्ने व्यवस्था नभएकाले भट्टराई सभामुख भएका थिए ।

नेपालको प्रतिनिधिसभाको दोस्रो सभामुखका रुपमा कांग्रेसकै दमननाथ ढुंगाना निर्वा्चित भए। २०४८ देखि ०५१ सम्म उनी सभामुख भए । तेस्रो सभामुख पनि नेपाली कांग्रेसकै रामचन्द्र पौडेल थिए । उनी २०५१ देखि ०५६ सालसम्म सभामुख रहे । नेपालको चौथो सभामुख कांग्रेसका तारानाथ रानाभाट भए । उनी २०५६ देखि २०५९ सम्म सभामुख भएका थिए। नेपालको पाँचौं सभामुख एवं पहिलो संविधानसभाका अध्यक्ष तत्कालिन नेकपा (एमाले)का नेता सुवासचन्द्र नेम्वाङ भएका थिए। उनी दुई पटक सभामुख भएका हुन् ।

त्यसपछि सभामुख बनिन् तत्कालिन माओवादीकी नेतृ ओनसरी घर्ती। उनी नेपालको छैठौं सभामुख हुन् । प्रतिनिधिसभाको सातौं सभामुखको रुपमा कृष्णबहादुर महरा चयन भएका थिए । तर, उनले कार्यकाल पूरा गर्न पाएनन् । बलात्कार प्रयासको आरोप लागेपछि उनले एक वर्षमै राजीनामा दिनुप¥यो । उनी अहिले पुर्पक्षका लागि जेलमा छन् । आइतबार प्रतिनिधिसभाले आठौं सभामुखको रुपमा अग्निप्रसाद सापकोटालाई पाएको छ। सापकोटा झण्डै ३ वर्षमा पदमा रहनेछन् । उनी सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथ ग्रहण गर्दैछन् ।

मास्टरदेखि सभामुखसम्म

२०१४ सालमा जन्मिएका अग्निको सभामुखसम्मको यात्रा भने लामो छ। सूचना तथा सञ्चार मन्त्री र वन तथा वातावरण मन्त्रालय हाँक्नुअघि संविधानसभा सदस्य रहिसकेका उनी पूर्व शिक्षक र हेडमास्टरका रुपमा स्थापित नाम हो जिल्लामा । २०६८ सालमा सूचना तथा सञ्चारमन्त्री तथा २०७२ सालमा वन तथा वातावरणमन्त्री रहेका थिए उनी ।

एक दशक शिक्षक र माध्यामिक तहको प्रधानाध्यापकसम्म रहिसकेका उनलाई गाउँमा भिजेको नेताका रुपमा चिनिन्छ । २०३२ सालदेखि दश वर्ष उनी शिक्षण पेशामा रहे । दश वर्षै उनी भूमिगत राजनीतिमा सक्रिय रहे । जीवनका दुई वर्ष बन्दी अवस्थामा बिताएका छन् उनले । राजनीति चाहिँ उनको स्कुले जीवनदेखि नै शुरु भएको थियो । राजनीति र शिक्षण पेशा दुवैलाई एकैसाथ लागेका उनी नेकपा माओवादीले शुरु थालेको सशस्त्र संघर्षको सुरुवात अघि २०५१ सालबाटै भूमिगत भएका थिए ।

बृहत शान्ति सम्झौतापछि भएका सबै निर्वाचनमा सिन्धुपाल्चोकबाट जित हासिल गर्दै आएका छन् उनले। दोस्रो संविधानसभा निर्वाचनमा सिंगो वाग्मती अञ्चलबाट प्रतिनिधित्व गर्ने एकमात्र नेकपा माओवादीका संविधानसभा सदस्य रहेका थिए उनी । उनी संघीय सदनको प्रतिनिधि सभाको निर्वाचनमा तत्कालीन बहालवाला सञ्चारमन्त्री मोहन बस्नेतलाई पराजित गरी निर्वाचित भएका हुन् । माघ ५ मा बसेको नेपाल कम्युनिस्ट पार्टीको सचिवालय बैठकले उनलाई सभामुख बनाउने निर्णय गरेको थियो । यससँगै सिन्धुपाल्चोकको कुभिन्डेको गाउँको नाममा पनि एउटा विशेषता थपिएको छ ।

उसो त सभामुखमा लबिङ गरिरहेकै बेला सापकोटा अध्यक्ष प्रचण्डलाई लिएर कदमवासमा पुगेका थिए । गत पुस २१ गते राति आफ्नै क्षेत्रमा पर्ने चौतारा साँगाचोकगढी नगरपालिका वडा ९ स्थित स्थानीय बलराम गिरीको घरमा बास बस्न पुगेका बेला सापकोटाको पद निश्चित भएको कतिपयले अनुमान गरेका थिए ।

**'संसदीय गरिमा राख्छु'**

प्रतिनिधिसभाका नवनिर्वाचित सभामुख अग्निप्रसाद सापकोटाले लोकतन्त्रको मूल्य र मान्यता अनुसार अगाडि बढ्ने बताएका छन्। सभामुखमा निर्वाचित भएपछि सापकोटाले लोकतान्त्रिक मूल्य र मान्यताको आदर्शलाई कायम गर्दै जनताको सार्वभौम सर्वोच्च संस्थाको ओझ र गरिमालाई कायम राख्न आफू सधैं दत्तचित्त र इमान्दार भएर लाग्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सभामुख सापकोटाले आफू तटस्थ, निष्पक्ष र सन्तुलित भूमिका निर्वाहका गर्ने प्रतिवद्धता जनाए । सापकोटाले आफूलाई उम्मेदवार बनाउने नेपाल कम्युनिस्ट पार्टी (नेकपा) तथा सहयोग गर्ने नेपाली कांग्रेस, राष्ट्रिय जनता पार्टी, संघीय समाजवादी पार्टीलगायत सबैलाई धन्यवाद दिए। सर्वोच्च अदालतमा आफूविरुद्ध परेको पछिल्लो रिट निवेदनका सम्बन्धमा सोधिएको प्रश्नमा उनले कुनै प्रतिक्रिया दिएनन् । राष्ट्रपतिसँग शपथ लिएपछि नवनिर्वाचित सापकोटाले पदभार ग्रहण गर्नेछन् ।

### मन्त्रिपरिषद् ...

नेकपासँग तालमेल गरेको राष्ट्रिय जनता पार्टी (राजपा) सरकारमा आएको खण्डमा उसलाई यी दुई मन्त्रालयको जिम्मेवारी दिने सम्भावना पनि छ । स्रोतका अनुसार राष्ट्रियसभामा गण्डकी प्रदेशबाट निर्वाचित पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठलाई पनि मन्त्रीमण्डलमा अटाउनु पर्ने दबाब ओलीमाथि परेको छ । तर श्रेष्ठ सरकारमा आएमा उनी निकट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणी पोखरेलले पदबाट हात धुनुपर्ने देखिन्छ ।

यता राष्ट्रपतिद्वारा मनोनीत राष्ट्रियसभाका सदस्य अर्थमन्त्री युवराज खतिवडालाई राष्ट्रियसभामा नदोहोराएमा खतिवडाको स्थान पनि रिक्त हुने छ। राष्ट्रपतिले मनोनीत नगरेमा अर्थमन्त्री खतिवडालाई ६ महिनाभन्दा बढी पदमा बस्न संविधानले दिँदैन । नैतिकताका आधारमा पनि उनले मन्त्रीपदबाट राजीनामा दिनुपर्ने हुन्छ । गोला प्रथाबाट खतिवडा दुई वर्षका लागि राष्ट्रियसभा सदस्यमा निर्वाचित भएका थिए । खतिवडाको स्थान प्राप्तिका लागि नेकपाका नेताहरुले कसरत सुरु गरिसकेका छन् । खासगरी प्रधानमन्त्री हुन नपाउने ओलीबाट स्पष्ट संकेत पाएपछि राष्ट्रियसभामा नगएका नेता बामदेव गौतमको फेरि आफूलाई प्रधानमन्त्रीसम्म पुग्न संविधानन संशोधन गरी बाटो खोलिदिनु पर्ने र राष्ट्रियसभामा मनोनीत गर्नुपर्ने 'लबिङ' यथावत छ ।

### छुटे ...

अघि पनि पक्राउ परेका थिए ।

यसैबीच प्रदेशसभा सदस्य गुरुङविरुद्ध उजुरी हाल्ने बैंकिङ कसुर गरेको अभियोगमा एन्फा अध्यक्ष गुरुङलाई ७ दिन हिरासतमा राख्न अनुमति दिइएको छ। बैंकिङ कसुर गरेको अभियोगमा शुक्रबार दिउँसो गुरुङलाई पक्राउ गरी अनुसन्धान भइरहेको छ । अध्यक्ष गुरुङले गत वर्ष पोखरामा सम्पन्न मनकामना केबलकार पोखरा कप फुटबल प्रतियोगिताको समयमा विभिन्न व्यक्ति तथा संस्थालाई तिर्नुपर्ने रकम नतिरेको तथा रकम नभएको चेक जारी गरेको आरोप लागेको छ ।

सांसद मनाङेले प्रतियोगितामा सहभागी मनाङको फुटबल टिमलाई आयोजकले खाने, बस्ने, खेल मैदानको व्यवस्था नगरेको भन्दै मुक्का हानेका थिए । अध्यक्ष गुरुङका अनुसार मनाङबाट ल्याएको टिमलाई ५ दिन अघिदेखिको होटल खर्च दिनुपर्ने भन्दै सांसद मनाङेले झापड हानेका हुन् ।

### प्रधानमन्त्रीको...

'सहित आठजना चिकित्सक र स्वास्थयकर्मीसहितको 'हेल्थ डेक्स' सञ्चालनमा आएको मन्त्रालयका प्रवक्ता श्रेष्ठले बताए । त्यसैगरी, गत पुषअन्तिम साता चीनमा अध्ययन गरेर फर्किएका एक ३५ वर्षीय नेपाली विद्यार्थीलाई कोरोना भाइरस भएको पुष्टी भइसकेको छ । त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलस्थित 'हेल्थ डेस्क'ले कोरोनाको शंकास्पद भन्दै उनलाई थप उपचारका लागि टेकु रिफर गरेको थियो । टेकुमा सबै स्वास्थ्य चेकजाँच गर्दा कुनै समस्या नदेखिए पनि केही समस्या छ कि भनेर उनको ¥यालको नमुना हङकङ पठाइएको थियो । तर, संक्रमित व्यक्ति भने माघ ३ गते नै अस्पतालबाट डिस्चार्ज भइसकेका थिए ।

यसैबीच, प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना भाइरसबाट संक्रमितहरुको उपचारका लागि आवश्यक सबै तयारी गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री ओलीले स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकाल र स्वास्थ्य सचिव खगराज बराललाई बालुवाटारस्थित आफ्नो सरकारी निवासमा बोलाएर नेपालमा देखिएको कोरोना भाइरसबाट संक्रमितहरुको उपचारका लागि आवश्यक सम्पूर्ण तयारी गर्न भनेका हुन् ।

प्रधानमन्त्री ओलीले मन्त्री ढकाल र सचिव बरालसँग नेपालमा कोरोना भाइरसको संक्रमण र संक्रमितहरुको उपचारको अवस्थाका सम्बन्धमा जानकारी समेत लिएका छन् । गत डिसेम्बर महिनादेखि छिमेकी राष्ट्र चीनमा देखिएको कारोना भाइरसको संक्रमणबाट चीनमा मात्रै अहिलेसम्म ५७ जनाको मृत्यु भइसकेको अन्तराष्ट्रिय सञ्चार माध्ययमहरुले जनाएका छन् । नेपालमा चीनबाट फर्किएका एक नेपाली युवामा कोरोना भाइरसको संक्रमण भएको पुष्टि भइसकेको छ ।

### लोकतान्त्रिक...

मध्ये निरौलाले फोरममा आफ्नो क्रियाशिलता र निरन्तरता तथा संघको गत निर्वाचनमा खेलेको भूमिकाको आधारमा आफू योग्य रहेको दावी प्रश्तुत गरेको र जैसीले फोरमलाई शसक्त रुपमा हाक्न आफू सबै भन्दा योग्य रहेको भन्दै नेतृत्वका लागि छलफल चलाईरहेको बताइएको छ । अन्य पदमा भने व्यवसायीहरु खुलेर आएका छैनन् ।

नेपाली कांग्रेसको शुभेच्छुक सस्थाको हैसियतमा रहेको फोरमका तर्फबाट नेपाली काँग्रेसको महाधिबेशनमा तीन जना व्यवसायीले प्रतिनिधित्व पाउने व्यवस्था रहेको छ । बर्षौसम्म राजनीति गरेका र जेलनेल समेत खेपेका नेताहरुलाई महाधिबेशन प्रतिनिधिमा निर्वाचित हुन हम्मेहम्मे पर्ने अवस्थामा फोरमको कोटाबाट महाधिबेशन प्रतिनिधि हुन पाईने भएकाले फोरमको पदाधिकारी र कार्य समितिमा आकर्षण बढेको छ। यसका अतिरिक्त फोरमले नै संघको निर्वाचनमा उमेदवार चयन गर्ने भएका कारण पनि फोरमको नेतृत्वमा आकर्षण बढेको हो ।

२०६३ सालमा स्थापना भएको फोरमका संस्थापक अध्यक्ष तिलकबहादुर रानाभाटपछि क्रमशः यम बहादुर केसी, किरणकिशोर घिमिरे, बिमल ढकाल, प्रज्ञान न्यौपाने र विष्णु गैरे सबै कार्यसमिति निर्विरोध रुपमा निवाचित भएका थिए । सहमति हुन नसकेपछि अघिल्लो पटक नेतृत्व निर्वाचनको माध्यमबाट चयन भएको हो ।

फोरमले वर्तमान कार्य समितिको समयावधि आगामी भदौसम्म रहेको भए पनि नेतृत्व पंक्तिका व्यवसायी नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा निर्वाचित भएपछि निर्वाचन गराई नयाँ नेतृत्व छान्न लागेको हो । फोरमका तत्कालिन अध्यक्ष हंशराज वाग्लेलाई अपदस्थ गरिएपछि उक्त पद रिक्त रहँदै आएको छ । त्यस अघि नै सचिवको पद पनि रिक्त थियो । कार्यवाहक अध्यक्ष सुजित श्रेष्ठ सहित ५ जना व्यवसायी नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्य समितिमा निर्वाचित भएका छन् ।

फोरमले पटक पटक सूचना जारी गरेपछि अपेक्षित व्यवसायीहरुले सदस्यता नवीकरण गरिसकेका छैनन् । त्यसका पछाडि निर्वाचन हुने नहुने वा को को अध्यक्षका उमेदवार हुने भन्ने विषयले काम गरेको बताइएको छ। अध्यक्षका आकांक्षीहरुले आफू उमेदवार हुने निश्चित भएपछि मात्र सदस्यता नविकरण गराउन आफ्ना निकट व्यवसायीलाई आग्रह गर्ने योजना बनाएको चर्चा पनि फोरमभित्र रहेको छ । कतिपयले आफ्ना पक्षका सबै व्यवसायीहरुको सदस्यता नविकरण गराउँदा विपक्षले भेउ पाउने र चलखेल गर्ने अनुमान गरी सदस्यता नविकरण गराउन पनि रोकेको टिप्पणी फोरमभित्र चल्ने गरेको छ ।

महासचिव तारानाथ अर्यालले नयाँ नेतृत्वका लागि हुने फोरमको साधारणसभा तथा निर्वाचनमा भाग लिन चाहने पुराना सदस्यहरुलाई तत्काल आफ्नो सदस्यता नविकरण गर्न व्यवसायीहरुलाई माघ १९ गते सम्मको समय दिइएको बताउँदै उक्त मितिसम्म नविकरण र नयाँ सदस्यता नलिए त्यसपछि मतदाता नामावलीमा संस्था र प्रतिनिधिको नाम प्रकाशन गर्न असमर्थ हुने भन्दै निर्धारित समय भित्रै सदस्यता नवीकरण गर्न वा नयाँ सदस्यता लिन आग्रह गरेका छन् ।

### विभाग...

रहेको बीमा कम्पनीको कार्यालयसम्म धाउनु पर्ने वाध्यता हटाएको छ ।

संझौता अनुसार अर्को आइतवारसम्म अनलाइन सेवा प्रारम्भ गरिसक्नु पर्ने छ। सेवा वापत बीमा कम्पनीले सेवाग्राहीबाट कुनै थप शुल्क लिन पाउने छैनन् । वैदेशिक रोजगारीमा गएको व्यक्तिले आफू कार्यरत देश वा उक्त देश हेर्ने नेपाली कूटनैतिक नियोगबाट पुनः श्रम स्वीकृति लिने व्यवस्था गर्ने वित्तिकै बिमा कम्पनीले बीमा पोलिसी अनलाइन नवीकरण गर्न सक्ने व्यवस्था गर्नुपर्ने छ ।

बीमित व्यक्तिले आफूले तिरेको प्रिमियमको रकम अनलाइनबाटै हेर्न सक्ने व्यवस्था मिलाइने गरी संझौता भएको विभागका महानिर्देशक डा भिष्म कूमार भुसालले जानकारी दिए ।

# कर्णाली प्रदेशसभाको हिउँदे अधिवेशन माघ २४ गते

**सुर्खेत/मस-** कर्णाली प्रदेशसभाको हिउँदे अधिवेशन यही माघ २४ गते हुने भएको छ । कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकको निर्णयले माघ २४ गते पाँचौं अधिवेशन आह्वान गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद् बैठकले आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा कानूनी सहायतासम्बन्धी कार्यविधि २०७६ र विपद् जोखिम बीमासम्बन्धी कार्यविधि २०७६ स्वीकृत गरेको कर्णाली प्रदेश सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री बिमला केसीले जानकारी दिइन् ।



बैठकबाट कानूनी सहायतासम्बन्धी कार्यविधिअनुसार २० जना सहजकर्ता नियुक्त गर्ने उनले बताइन् । नियुक्त सहजकर्तामा १० वटा जिल्लामा प्रमुख सहजकर्ता र १० जना स्थानीय तहमा सहजकर्तामा नियुक्त गर्ने बैठकले निर्णय गरेको छ ।

त्यस्तै, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश खानी अन्वेषण तथा व्यवस्थापनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने, कर्णाली प्रदेश वाणिज्यसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदानका साथै कर्णाली प्रदेशको वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई प्रदेशसभामा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरिएको मन्त्री केसीले जनाइन् ।

उनका अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ (प्रथम संशोधन) गर्ने, आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा आर्थिक वर्ष २०७७/७८ मा समपूरक तथा विशेष अनुदानबाट सञ्चालन गर्ने योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरिएको छ । मूलतः आगामी वर्षबाट समपूरक तथा विशेष अनुदानबाट सञ्चालित योजनालाई प्रदेश सरकारले प्राथमिकताका साथ अघि बढाउने योजना निर्माण गरेको छ ।

त्यसैगरी बैठकले कर्णाली प्रदेशमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने, कर्णाली प्रदेशका विमानस्थलहरुको विस्तार तथा स्तरोन्नति गर्ने, पचालझरना गाउँपालिका-५ कालीकोट बस्ने मृतक खेलाडी समिपुरा वडेको बुबा रङ्गे नेपालीलाई आर्थिक सहयोग रकम रु एक लाख उपलब्ध गराउने निर्णय गरेको जनाइएको छ ।

**कर्णाली प्रदेश पर्यटन बोर्ड गठन**

कर्णाली प्रदेश सरकारले यसअघि लिएको नीतिसँगै प्रदेश पर्यटन बोर्ड गठन गरेको गरेको छ । गठित बोर्डमा यहाँका दशवटै जिल्लाबाट प्रतिनिधित्व हुने गरी कर्णाली सरकारको मन्त्रिपरिषद् बैठकले ११ सदस्य नियुक्ति गरेको छ ।

बोर्डमा नियुक्ति हुने सदस्यहरुमा बबिकिशोर गुरुङ (डोल्पा), ललितजङ्ग महत (जुम्ला), दानसिंह कार्की (मुगु), वेदबहादुर शाही (जाजरकोट), मर्मजङ्ग बम (कालीकोट) र लैकु लामा (हुम्ला) रहेको मन्त्री केसीले बताउनुभयो । बोर्डमा विष्णुप्रसाद शर्मा (दैलेख), पहलसिंह घर्ती मगर (रुकुम पश्चिम), लोकबहादुर हमाल (हुम्ला), चिन्तामणि शर्मा (सुर्खेत) र ईश्वरी बुढाथोकी (सल्यान) लाई सदस्यमा नियुक्ति गरिएको उनले बताए ।

# कोरोना भाइरसबाट सुरक्षाको व्यवस्थापन गर्न कांग्रेसको माग

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले कोरोना भाइरसबाट नेपाल पनि उच्च जोखिममा रहेको भन्दै यसबाट नेपालीको सुरक्षाका लागि गम्भीरतापूर्वक आवश्यक व्यवस्थापन गर्न सरकारसँग माग गरेको छ । नेपाल पनि कोरोना भाइरसबाट उच्च जोखिममा रहेको छ । चीनको हुबई प्रान्तको राजधानी उहानबाट फैलन शुरु भएको कारोना भाइरस आधा दर्जन मुलुकमा फैलिसकेको छ ।




उहान शहरमा विभिन्न विश्वविद्यालय, शिक्षण संस्थामा अध्ययनरत नेपाली विद्यार्थी र त्यहाँ रहेका नेपाली व्यवसायीसमेत जोखिममा रहेकाले उनीहरुलाई सुरक्षित तरिकाले यथाशीघ्र उद्धारका लागि आवश्यक व्यवस्था गर्न काँग्रेस संसदीय दल आग्रह गरेको हो । 'महामारीका रुपमा फैलन सक्ने कोराना भाइरस फैलन नदिन आवश्यक सुरक्षा व्यवस्था तथा संक्रमित व्यक्तिको उचित उपचारको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउँछौं,' प्रमुख सचेतक बालकृष्ण खाँणद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

# श्रीमतीलाई जलाउने यादव पक्राउ

**शुभनारायण कामती/मध्यान्ह**
सिरहा, १२ माघ

सिरहाको औरहीगाउँपालिका वाड नं. ५ औरही नवटोलीमा आगोले जलेर एक महिला गम्भीर घाइते भएकी छन् । शुक्रवार घरमा खाना पकाई रहेको बेला स्थानीय विनोद यादवकी श्रीमती २७ वर्षीया अनिताकुमारी यादव एक्कासी शरीरमा आगो लागेर घाइते भएको भनिएको घटना शंकास्पद रहेको प्रहरीले जनाएको छ ।

आगलागीबाट गम्भीर घाइते अनितालाई उनकै श्रीमान विनोदले उपचारको लागि विराटनगर लगेको प्रहरीले जनाएको छ । अनिताको अवस्था गम्भीर रहेकाले थप उपचारको लागि काठमाडौं लगेको बताइएको छ । आनिताको उपचारमा आमा, बुवा र उनको देउरानी रहेको जनाएको छ ।

घटना संस्कास्पद भएकोले अनिताका श्रीमानलाई मोरङ प्रहरीले नियन्त्रणमा लिई सिरहा ल्याउने प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

घटना भएको घरमा मट्टितेलको बोतल भेटिएपछि अनुसन्धान गर्नको लागि मृतक अनिताको श्रीमानलाई प्रहरी नियन्त्रणमा लिई सोधपुछ गर्दा शरिरमा मट्टितेल उनले नै खन्याएको प्रारम्भिक अनुसन्धानबाट देखिन आएको र विनोदले स्वीकार पनि गरिसकेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

हाल सम्म कसैले कुनै जाहेरी नदिएको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिहराले जनाएको छ । वैदेशिक रोजगारीबाट करिव ३ महिना अघि मात्र आएका विनोद र अनिताको पछिल्लो केहीदिन देखि सम्बन्ध राम्रो नरहेको स्थानीयको भनाइ छ । प्रहरीले खाना पकाई रहेको बेला एक्कासी शरीरमा आगो लागेर बाहिर निस्केपछि घरका सबैले जानकारी पाएको भन्ने बुझिए पनि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## एम्बुलेन्समा गाँजा तस्करी गर्ने पक्राउ

**हेटौंडा/मस-** बिमारी बोक्न प्रयोग गरिने सरकारी एम्बुलेन्समा लागू औषध गाँजा तस्करी गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा रौतहट डुमरियाका ३९ वर्षीय महमद खलिद, सोही ठाउँका १९ वर्षीय अशोक कुमार र भारत बिहारका २२ वर्षीय विनोद सहनी रहेका छन् । खालिद एम्बुलेन्सका चालक हुन । पक्राउ परेका तीनैजनालाई आज पत्रकार सम्मेलनमार्फत प्रहरीले सार्वजनिक गरेको हो ।

गाँजा तस्करी गर्न प्रयोग भएको बा २ भ्र १७४९ नम्बरको एम्बुलेन्स पनि प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले उनीहरुलाई एम्बुलेन्समा गाँजा लैजाँदै गरेको भन्ने सूचनाका आधारमा शनिबार साँझ पक्राउ गरेको जनाएको छ । मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको एम्बुलेन्समा गाँजा राखेर लगिरहेको भन्ने सूचनाका आधारमा डुमरिया स्वास्थ्य चौकीको उक्त एम्बुलेन्सलाई प्रहरीले हेटौंडाको नेवारपानीमा रोकी जाँच गर्दा तीन झोलामा छ पोका बनाई लुकाई राखेको साढे ३० किलोग्राम गाँजा फेला पारेको प्रहरीले जनाएको छ ।

प्रहरीले उनीहरुका साथबाट नेपाली रु ९१ हजार र दुई हजार भारतीय रुपैंयासमेत बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुशिलसिंह राठौरले जानकारी दिए ।

## अबैध चाँदीका गरगहनासहित दुई जना पक्राउ

**सिरहा/मस-** सिरहाको लहानबाट अबैध चाँदीको गरगहना सहित दुई जनालाई प्रहरीले शनिबार पक्राउ गरेको छ । पक्राउ पर्नेमा मोरङको पथरी शनिश्चरे नगरपालिका वडा नं. १४ बस्ने ३० वर्षीय सुमन विश्वकर्मा र झापाको शिवसतासी नगरपालिका वडा नं. ८ बस्ने ३८ वर्षीय दलबहादुर विश्वकर्मालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय लहानबाट खटिएको गस्ती टोलीले लहान नगरपालिका वडा नं. ८ दुर्गा मन्दिर स्थित चेकजाँच गर्दा उनीहरुको साथबाट चाँदीको ठुलो ब्रास्लेट २७ थान, सानो ब्रासलेट १८ थान, चाँदीको औंठी १९६ पिस, चाँदीको बाला ५८ पिस, चाँदीको लेडिज ब्रासलेट २५ पिस र चाँदीको ड्राईगेन ४० पिस गरी जम्मा ५७४२.७५० ग्रामको अन्दाजी ३ लाख ६० हजार रुपैयाँ बराबरको चाँदीका गरगहना सहित नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय ठाडी, सिरहामा बुझाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## लागुऔषध सहित एक जना पक्राउ

**सिरहा/मस-** सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकाबाट शनिबार लागुऔषध सहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका वडा नं. १२ बस्ने २४ वर्षीय रंजित चमार रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय महेशपुर पतारबाट खटिएको गस्ती टोलीले लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. १ रामपुरमा चेकजाँच गर्दा रंजित चमारको साथबाट लागुऔषध डाईजेलेव ५ एम्पुल, फेनार्गन ५ एम्पुल र नोर्फिन ५ एम्पुल गरी जम्मा १५ एम्पुल लागुऔषधसहित पक्राउ गरी इलाका प्रहरी कार्यालय महेशपुर पतारमा राखी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

## गौरीगञ्जबाट ७० किलो सुर्ती बरामद

**झापा/मस-** झापाको पश्चिम दक्षिणी भारतीय सीमावर्ती क्षेत्र गौरीगञ्जबाट प्रहरीले ठूलो परिणाममा सुर्ती बरामद गरेको छ । गेउरिया पुल नजीकै साइकलमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको ७० किलो अवैध सुर्ती आज बिहान बरामद गरिएको इलाका प्रहरी कार्यालय गौरीगञ्जका प्रहरी निरीक्षक गणेश भट्टराईले बताए ।

गौरीगञ्ज, कोरोबारी, कुञ्जीबारी, महाभारा, शिवगञ्ज, झापा बजारलगायत जिल्लाका पश्चिम दक्षिण भारतीय नाकासँग जोडिने क्षेत्रमा भारतबाट अवैध रुपमा भारी मात्रामा सुर्तीको ओसारपोसार हुने गरेको सूचनाका आधारमा प्रहरीले सीमावर्ती क्षेत्रमा कडाइ गरिएको प्रहरी निरीक्षक भट्टराईले बताए । बरामद गरिएको सुर्ती छोटी भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

# कुष्ठरोगका सबैभन्दा बढी बिरामी प्रदेश नं २ मा

**काठमाडौं/मस-** नेपालमा २०६६ माघ ५ गते राष्ट्रियस्तरमा कुष्ठरोग निवारण घोषणा भए पनि १७ जिल्लामा अझै निवारण नभएको स्थिति छ । निवारण भन्नाले प्रति १० हजार जनसंख्यामा एकभन्दा कम बिरामी भएको अवस्थालाई बुझिन्छ ।

सरकारले सन् २०२० को अन्तसम्म सम्पूर्ण जिल्लामा कुष्ठरोग निवारण गर्ने लक्ष्य लिएको छ । तराईका झापा, मोरङ, उदयपुर, बारा, धनुषा, महोत्तरी, पर्सा, रौतहट, सर्लाही, सिराहा, बाँके, बर्दिया, कपिलवस्तु, नवलपरासी पश्चिम, रुपन्देही, कैलाली र अछाम कुष्ठरोगको प्रकोप दर एकभन्दा बढी भएका जिल्ला हुन् ।



विगत नौ वर्षको तथ्यांक हेर्दा वार्षिक तीन हजारको हाराहारीमा कुष्ठरोगका नयाँ बिरामी पत्ता लाग्ने गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । महाशाखाले ६७औं विश्व कुष्ठरोग दिवसका अवसरमा आज आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा गत आर्थिक वर्षमा तीन हजार २८२ कुष्ठरोगका नयाँ बिरामी पत्ता लागेको जानकारी दिइयो ।

उक्त तथ्यांकअनुसार प्रदेश नं २ मा सबैभन्दा बढी एक हजार ४८४, त्यसपछि प्रदेश ५ मा ७१९, प्रदेश १ मा ४७१, सुदूरपश्चिम प्रदेशमा २६६, वाग्मती प्रदेशमा १६५, कर्णाली प्रदेशमा ८९ र गण्डकी प्रदेशमा ८८ जना कुष्ठरोगका नयाँ बिरामी पत्ता लागेका हुन् ।

यसबाहेक गत आवको अन्त्यमा उपचारमा रहेका बिरामी संख्या दुई हजार ९२१ रहेको महाशाखाअन्तर्गतको कुष्ठरोग नियन्त्रण तथा अपाङ्गता व्यस्थापन शाखाका निमित्त प्रमुख डा उत्तम घिमिरेले जानकारी दिए । कुष्ठरोगको कारणबाट हालसम्म करीब ३१ हजारभन्दा बढी अपाङ्गता भएको अनुमान छ भने बहुऔषधिबाट उपचार पूरा गर्नेको संख्या एक लाख ९२ हजारभन्दा बढी रहेको शाखाले जनाएको छ ।

कुष्ठरोग आँखाले देख्न नसकिने माइको ब्याक्टेरियम लेप्रे नामको सूक्ष्म कीटाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने रोग हो । ९५ प्रतिशत मानिसमा कुष्ठरोगको कीटाणुसँग लड्न सक्ने क्षमता हुन्छ । यो रोग मानिसबाट मानिसमा सर्छ । उपचार नगरेको कुष्ठरोग बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यतः श्वासप्रश्वासको माध्यमबाट यो रोग सर्न सक्छ । शुरुकै अवस्थामा रोगको निदान र उपचार गरेमा यो रोग अरूलाई नसर्ने निमित्त प्रमुख डा घिमिरेले बताए ।

यो रोग बहुऔषधिको एक मात्रा सेवनबाट नै ९९ प्रतिशत रोगका कीटाणुलाई शिथिल बनाई रोग अरूलाई नसर्ने हुन्छ । समयमा नै उपचार गरेमा कुष्ठरोग पूर्णरूपमा निको हुन्छ र अपाङ्गता हुँदैन । कुष्ठरोग निवारणका लागि हाल मुलुकभर जनचेतनामूलक कार्यक्रम, संक्रमण नियन्त्रण, अपाङ्गता बचावट, पुनर्स्थापना, सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि, साझेदारसँगको समन्वय तथा सहकार्य, बहुऔषधिको व्यवस्थापनलगायत क्रियाकलाप सञ्चालन भइरहेको महाशाखाले जनाएको छ ।

# पूर्वसांसद कार्कीको निधन

**काठमाडौं/मस-** नेपाली कांग्रेसका पाल्पाका पूर्वजिल्ला सभापति गम्भीरजङ्ग कार्कीको ७६ वर्षको उमेरमा निधन भएको छ । मिर्गौला रोगबाट पीडित उनको आइतबार उपचारका क्रममा काठमाडौंस्थित ग्राण्डी अस्पतालमा मृत्यु भएको नेपाली कांग्रेस पाल्पाका सचिव झपिन्द्र



गैरेले जानकारी दिए । उनले मिर्गौलाको डायलायसिस गराउँदै आएका थिए ।

पाल्पाको रम्भा गाउँपालिका-५ ताहूँमा विसं २००० मा जन्मिएका उनी विसं २०४८ मा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । विसं २०५१ देखि २०५६ सम्म उनले कांग्रेस पाल्पाको जिल्लासभापतिको जिम्मेवारी वहन गरेका थिए ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।




✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✔ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाई सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं ।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# 'अग्नि' परीक्षा शुरु


नेपालको संसदीय इतिहासमा प्रतिनिधिसभाका सभामुख कहिल्यै विवाद रहित हुन सकेन । विशेषगरी २०४६ साल पछाडि बनेका सवैजसो सभामुखलाई कुनै न कुनै आरोप लाग्ने गरेको छ । त्यस मध्ये सभामुख पदमै झण्डै 'पेन्सन' पकाएको भनेर टिप्पणी गरिने सुवास नेम्वाङ बाहेक अन्य पूर्व सभामुखहरूले राजनीतिक हैसियत उकास्न पनि सकेनन् । नेम्वाङ र ओनसरी घर्तिमगरको परीक्षण हुन बाँकी छ । त्यसैले उनीहरूबारे अहिले टिप्पणी गर्नु हतारो हुनेछ । तर, दमननाथ ढुंगाना, तारानाथ रानाभाट देखि रामचन्द्र पौडेल पनि सभामुखबाट बहिर्गमन पछाडि गतिलो यात्रा तय गर्न सकेका छैनन् । पौडेल राजनीतिक यात्रा उकास्ने प्रयत्न गरिरहेका छन् तर, सभामुख पछि गृहमन्त्री र शान्ति मन्त्री बनेपछि उनी थप आलोपित देखिदै आएका छन् ।

ढुंगाना र रानाभाट राजनीतिक वृत्तबाट गुमनामझैं छन् । कृष्णबहादुर महरा त बलात्कार प्रयास जस्तो गम्भीर आरोपमा पुर्पक्षका लागि थुनामा छन् । अब परीक्षामा भने आइतबार निर्विरोध निर्वाचित अग्निप्रसाद सापकोटा उभिनुपर्नेछ । प्रतिपक्षी दलहरू नेपाली काँग्रेस, समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी (राजपा) ले उम्मेद्वारी नदिए पछि निर्विरोध निर्वाचित भए । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र ठुलै रस्साकस्सी पछि सहमति जुटेको थियो । तर, सत्तारूढको सहमति नै अग्निप्रसाद सापकोटा संसदमा समेत निर्विरोध हुने बाटो खुल्यो । प्रतिनिधिसभा बैठकबाट निर्विरोध भए लगत्तै चार महीना लामो रिक्तता पछि संसदले नेतृत्व पाएको छ । अब दोस्रो अधिवेशनबाट थाती रहेका विधेयकहरू माथिको छलफल हुने बाटो खुलेको छ । सँगै, अग्निप्रसाद सापकोटाको परीक्षा पनि शुरू भएको छ ।

अग्निप्रसाद सापकोटाका लागि संसदमा दुई प्रमुख चुनौती छन् । पहिलो, संसदको गरिमा कायम राख्दै अगाडि बढ्नुपर्नेछ । त्यसका लागि प्रतिपक्षी दललाई मात्रै नभएर सत्तारूढ सांसदहरूको स्वार्थलाई समेत समन्वय गरेर अगाडि बढ्नुपर्ने हुन्छ । कृष्णबहादुर महरा बाहेक विगतका सभामुखहरूलाई समन्वय गर्न नसकेको बरू, आफूलाई निर्वाचित गराउने दलको 'भक्त' बनेको आरोप लाग्दै आएको छ । अझ २०७२ को संविधान कार्यान्वयन गर्न आवश्यक कानूनहरू अझै निर्माण भइनसकेकाले अग्निप्रसाद सापकोटाका लागि समन्वय महत्वपूर्ण विषय हुन् ।

अग्निप्रसाद सापकोटाको दोस्रो चुनौती भने आफैंमाथि उठेको प्रश्न हो । काभ्रेका अर्जुनबहादुर लामा हत्या आरोपमा मुद्दा खेपिरहेका सापकोटाले संक्रमणकालीन न्याय प्रक्रियाबारे खेल्ने भूमिकाले ठूलो अर्थ राख्नेछ । अतः तीन वर्षका लागि सभामुख निर्वाचित सापकोटालाई संसदको गरिमा कायम राख्दै अगाडि बढ्न र शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनेगरी संसद सञ्चालन कम चुनौतीपूर्ण देखिन्न ।

## सामाजिक सञ्जाल



बालुवाटारमा शपथ खाने र बालाजुमा भतेर खाने एक सिक्काका दुई पाटा हुन् धेरै कन्फ्युजमा नरहेकै बेटर होला ।

- सुरेन्द्र थापा



प्रचण्डको कथित जनयुद्ध र बाबुराम भट्टराईको जातीय अस्थिर राजनीतिले यो देशलाई के प्राप्त भयो ? देश दशकौंको लागि विध्वंस भयो । जनताको लागि मन्द वीषसरी संघीयताको भारी बोकाइयो । देशले थेग्नै नसक्ने विदेशीको एजेन्डा बोकेर छोटे राजाहरू पाल्नकै लागि मात्र संघीयताको प्रपन्च रचिएको प्रष्ट भएन र ?

– ओमकुमार थापा



हामी बहुत निच होइनौ ? आफूलाई ठीक लागेको कुरा अर्कोलाई बेठिक लाग्ने बित्तिकै उसलाई "पैशा खाएछ, दलाल, देश बेचुवा, अराष्ट्रिय तत्व, ... अनेकौ निच शव्दमा गाली गलौज गर्ने ? अरूको पनि टाउको छ भन्ने हामीले कहिल्यै सोचेनौ ! किन कि हामी आफै मुढकट्टा जुनिमा बाँचिरहेका छौ ।


– निलमकुमार शर्मा सापकोटा



माओवादी युद्ध नितान्त राष्ट्रघाती, व्यक्तिवादी र आतंकवादको एउटा नमूना थियो । जुन ४० बुँदे माग राखेर युद्धमा होमिएको थियो, सत्तामा आएपछि त्यो सर्लक्कै बिर्सेर देश लुट्न थाले त्यो यसको ज्वलन्त उदाहरण हो । त्यसैले यी आतंककारी हुन् ।

– विश्व भण्डारी

# एमसीसीको भविष्य र नेताहरूका अभिव्यक्ति



■ कृष्णप्रसाद भण्डारी




**"यूएसएडमार्फत नजी क्षेत्रलाई सहयोग पुर्‍याउने उद्देश्यले नेपाल विद्युत् विकास विभागको अगुवाइमा केही आयोजना सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययन निर्देशिका लागू गर्ने गरी आईई/ईआईए सुपर-६ जलविद्युत् आयोजनालाई प्रतिस्पर्धाका आधारमा निजी क्षेत्रलाई दिइएको थियो । इन्टरनेसनल रिसोर्स ग्रुप (आईआरजी) ले परामर्श गरेको थियो ।**

वि.सं. २०५४ अर्थात् १९९६ सन्को जनवरीमा भारतको कलकत्तामा अमेरिकी लगानी मञ्चको एउटा बृहत्तर शिखर सम्मेलन गरेको थियो । प्रमुख उद्देश्य 'अमेरिकी लगानी र उदीयमान पूर्व' अमेरिकाको आयोजनामा भइरहेको कोलकाता सम्मेलनमा नेपालको जलस्रोत विकासमा अमेरिकी लगानीकर्ताहरूलाई आमन्त्रण गर्नु रहेको थियो । अमेरिकी सरकारको प्रत्यक्ष नेतृत्वमा देश बाहिर भएको सबैभन्दा ठूलो लगानी मञ्च थियो । लगानी मञ्चमा सहभागी हुन तत्कालीन परराष्ट्र मन्त्री कमल थापाको नेतृत्वमा २१ जनाको प्रतिनिधिहरू सहभागी थिए, जसमा नेपाल अमेरिका चेम्बर अफ कमर्सले पनि भाग लिएको थियो । त्यस्तै अमेरिकी लगानी मञ्चको लागि ३५ जनाको नेतृत्व गर्ने अमेरिकी वाणिज्य मन्त्री विलियम डालीले गर्नुभएको थियो । २२ वर्ष पहिले भएको उक्त शिखर सम्मेलनको प्रमुख बहसमा जलविद्युत् तथा ऊर्जा क्षेत्रमा अमेरिकी लगानीलाई आकर्षित गर्नु थियो । वाणिज्य मन्त्री बिलियम डालीले अमेरिकी सरकारका तर्फबाट दक्षिण एसियामा अमेरिकी लगानीका लागि सर्त, औचित्य तथा रणनीतिक लगानीका सम्भावनाहरू सार्वजनिक गर्नुभएको थियो । शिखर सम्मेलनबाट अमेरिकी लगानी भित्र्याउने महत्वपूर्ण अवसर थाँती रह्यो ।

सन् १९९५ मा दक्षिण एसियाली मुलुक भ्रमण गर्ने क्रममा बहुचर्चित अमेरिकी सिनेटर हिलारी क्लिन्टन रोढ्मको नेपाल भ्रमण भयो । नेपालमा अमेरिकी प्रतिबद्धता देखाउनका लागि रणनीतिक लगानीयुक्त संवेदनशील सुन्दर राष्ट्र नेपाल रहेछ भनी बताउनुभएको थियो । नेपालमा अमेरिकी लगानी बढी सुरक्षित भएको टिप्पणी गर्नु भएको थियो । दक्षिण एसियाली राष्ट्र नेपालको समेत आर्थिक राजनीतिक मामिला नियाल्ने मन्त्री क्रिष्टिना रोक्का, विदेश मन्त्री कोलिन पावेलजस्ता व्यक्तित्वहरू नेपाल भ्रमणबाट लगानी गर्न आशावादी भएका थिए । अमेरिकी पूर्वराष्ट्रपति जर्ज डब्लू बुस स्वयं नै ऊर्जा विकासको लागि कुनै पनि हालतमा पछि पर्न नहुने प्रतिबद्धता देखाउनुभएको थियो ।

